फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५२०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
**नेपालगञ्ज, बाँके,**
**५ नं.प्रदेश, नेपाल ।**

## दरभाऊ पत्र पेश गर्ने वारेको सूचना

***(दोश्रो पटक सूचना प्रकाशित मिति २०७५।१०।५)***

नेपालगंज उप–महानगरपालिकाको चालू आ.व.२०७५/०७६ का लागि स्वीकृत विनियोजित रु २,००,०००।- (दुईलाख) मध्येबाट महिला लक्षित कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक रुपमा पिछडिएका मधेसी, आदिवासी जनजाती, मुस्लिम, लोपोन्मुख, पिछडावर्ग समूहका विपन्न र पछाडी परेका महिला एवं अन्य समूहका महिलाहरुका लागि लोकसेवा आयोगद्धारा लिईने खरीदार पदको तयारी कक्षा व्यवसायिक संस्था, फर्म तथा कन्सल्टेन्सी सेवा मार्फत संचालन गर्नुपर्ने भएकोले करिव ५० जनाको प्याकेजलाई के कति दरमा अध्ययन गराउन सकिन्छ ? ईच्छुक प्रस्तावदाताहरु बाट देहायका शर्त एवं कागजातहरुको प्रतिलिपी संलग्न राखी दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र खामबन्दि गरि दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कार्यवाही गरिने छैन् ।

**तपसिल**

(१) सरकारी निकाय तथा स्थानीय तहमा नियमानुसार व्यवसाय दर्ता तथा नविकरण भएको,
(२) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको,
(३) आ.व.२०७४।०७५ को कर चुक्ता गरेको,
(४) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको,
(५) आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको,
(६) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेका,
(७) दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समय भित्र उप-महानगरपालिकामा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ र सो दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खोलेको दिन सम्म दर्ता गर्न सकिनेछ ।
(८) दर्ता भएका सवै प्रस्ताव ८(आठौं) औं दिनमा सरकारी तथा प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ तर प्रस्तावदाता उपस्थित नभएको खण्डमा समेत खोल्न कुनै बाधा पर्ने छैन,
(९) सवै प्रस्तावकहरुलाई छनौट प्रकृयाको नतिजा सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ,
(१०) प्रकाशित सूचना यस कार्यालयको website: www.nepalgunjmun.gov.np मा हेर्न सकिनेछ ।
थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका कार्यालय, बांके ।

प्रमुख प्रशासकीय अधिकृत